नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रशासन पत्रिका १३३ औं अंकको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना !

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा प्रकाशन हुने प्रशासन पत्रिका ( जर्नल) को आगामी १३३ औं अंक प्रकाशन हुन गइरहेको छ । अत: यस अंकमा "संघीयतामा सार्वजनिक प्रशासन, सुशासन, विकास, वित्तिय व्यवस्थापन, वैदेशिक सम्बन्ध, वैदेशिक व्यापार, सार्वजनिक सेवा प्रवाह, गरिवी निवारण, दिगो विकास, तीन तहवीचको प्रशासनिक अन्तरसम्बन्ध, सार्वजनिक नैतिकता, सदाचार, शिष्टाचार, जवाफदेहिता, उतरदायित्व, महामारी नियन्त्रणमा सार्वजनिक प्रशासन, आन्तरिक रोजगारी श्रृजना लगायतका क्षेत्रका नवीनतम अवधारणा र अभ्यास समेत समावेश गरी घटीमा ३००० र बढीमा ५००० शब्द सम्मको समसामयिक लेख/रचनाहरु" यही मिति २०७७ असोज मसान्तसम्म संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखामा वा Softcopy admin.reform.section@mofaga.gov.np मा उपलब्ध गराउन अनुरोध गरिन्छ । अन्यत्र प्रकाशन भइसकेको वा प्रकाशन हुन लागेको लेख रचना नपठाउनु हुन अनुरोध गरिन्छ ।

<u>लेख/ रचना देहायको ढाँचामा तयार गरी पठाउनु पर्ने छ ।</u>

- लेखको शुरुमा लेखको कार्यकारी सारांश,
- लेखको संक्षिप्त विषय वस्तु/ भुमिका /परिचय,
- लेखको मुख्य विषयवस्तु ( विश्लेषणात्मक, खोजपूर्ण ),
- निष्कर्ष ।
- लेख तयार पार्न प्रयोग भएको सन्दर्भ सामाग्री अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।
- लेखकले इमेल ठेगाना, मोवाइल नम्बर र एक प्रति फोटो उपलब्ध गराउनु पर्नेछ ।
- एक वा दुई वाक्यमा लेखकको परिचय उल्लेख गर्नु पर्ने छ ।
- प्रकाशनका लागि पठाइएको लेख रचनाको माध्यम नेपाली भाषा भएमा युनिकोड र अंग्रेजी भएमा Times New Roman हुनुपर्दछ ।
- फन्ट साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ ।

**नोट:**

- प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्ने बारे अन्तिम निर्णय लिने अधिकार सम्पादक मण्डलमा हुनेछ । अस्वीकृत रचना फिर्ता पठाइने छैन ।
- पत्रिकामा प्रकाशित लेख/ रचनाका लागि नियमानुसार पारिश्रमिक उपलब्ध गराइने छ ।
- उल्लेखित ढाँचामा नभएका लेख/ रचनाहरु प्रकाशन गरिने छैन ।